# नेपाल कृषि मेशिनरी व्यवसायी सघंको दशौं वार्षिक साधारण सभा २०८२
# वार्षिक प्रतिवेदन ।

कार्यक्रमका आदरणीय प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यूहरु, अतिथि ज्यूहरु, संस्थापक अध्यक्ष ज्यू, निवर्तमान अध्यक्ष ज्यू, पूर्व अध्यक्ष ज्यू, कार्यसमितिका पदाधिकारी, कार्यसमिति सदस्य तथा यस संघमा आबद्ध सम्पूर्ण सल्लाहकार, आजिवन तथा साधारण सदस्य, कर्मचारी तथा पत्रकार साथीहरु मा स्वागतम । स्वागतम । स्वागतम ।

यान्त्रीकरण तथा प्रविधिको प्रवर्द्धन गर्दै कृषिलाई आधुनिकिकरण र व्यवसायिकरणको लागि गठन भएको संस्था हो नेपाल कृषि मेशिनरी व्यवसायी संघ (NAMEA ) । देशको राजधानी देखि दुरदराज सम्म छरिएर रहेका कृषि यान्त्रीकरण तथा प्रविधि मार्फत सेवा प्रदान गरिरहेका उद्योगी, व्यवसायीहरुलाई संगठित गदै उनिहरुको व्यवसायीक क्षमता अभिवृद्धि गर्ने, सामाजिक उत्तरदायित्व सहितको व्यवसाय प्रवर्द्धन गर्ने, नीतिगत सुधारमा पहल गर्ने, आपसी सहयोगको आदान प्रदान सहित व्यवसायिक प्रर्वद्धन गर्ने, कृषि उद्यमीहरुको सारथीको रुपमा काम गर्नको लागि उत्प्रेरीत गदै आएको छ । यस क्षेत्रमा करिव १२ अर्ब रुपैयाको वार्षिक व्यवसाय कारोबारको हिस्सा रहेको छ भने हजारौको संख्यामा रोजगारी सिर्जना भएको छ ।

नेपाल कृषि मेशिनरी व्यवसायी संघको दशौं वार्षिक साधारण सभाको यस गरिमामय दिनमा तपाईहरु माझ वार्षिक प्रतिवेदन प्रस्तुत गरिरहँदो रुस र युक्रेनको युद्धको बारुद नसेलाउदै, इरान, इजरायल र अमेरिकाको युद्धले गर्दा खाडीमा रहेका लाखौ दाजुभाईहरु माझ मिलाइस खसिरहेको छ । हाम्रा उद्योग व्यवसायमा परेको प्रतक्ष इन्धनको चर्को मूल्य बृदी, उद्योगको लागि चाहिने कच्चा पदार्थको अत्याधिक मूल्य वृद्धी साथै अभावले गर्दा भोगिरहेको पिडा, अमेरिकी डलरको अत्याधिक वृद्धीले गर्दा आयातमा टिकेको अर्थतन्त्रमा गत बर्षको तुलनामा करिब १० % को सटहीमा आयको फरकले गर्दा देशलाई अरबौंको व्यायभार थोपर्ने निश्चित छ । विज्ञ र अर्थविदहरुको भनाई र हाम्रो भोगाईलाई आत्मसाथ गर्दै अबको आर्थिक विकासको पहिलो खुट्किलो मध्ये एक कृषि क्षेत्रलाई आधुनिक, व्यवसायिक र आत्मनिर्भर बनाउनु अपरिहार्य छ । कृषि उपजको काहालीलाग्दो ब्यापार घाटालाई कम गरि यस क्षेत्रबाट लाखौको संख्यामा रोजगारी सिर्जना गरि कृषि क्षेत्रमा हाल देखिएको उच्च लागत कम गर्न र उत्पादन र उत्पादकत्व वृद्धी गर्न मेरुदण्डको रुपमा रहेको **यान्त्रीकरणलाई** जोड दिनु अपरिहार्य छ ।

काठे हलोबाट सुरु भयको यान्त्रीकरणको इतिहास हाल तराईका फाँटहरुमा आधुनिक ट्र्याक्टरले ओगटेको छ । हातको सहायताले काटिने धान गहुँ अहिले  सयौको संख्यामा केहि दिन मै कम्बाइन हार्भेस्टर र रिपरले काटी समय र लागतमा ठूलो कमि आएको छ । हातले रोप्ने धान खेतीमा मेसिनको प्रयोग सुरु भएको छ । हात सहायताले छर्ने बिउ अहिले मेसिनले छर्न थालियको छ । सिंचाईका विविध प्रबिधि गाउँ गाउँमा पुगेको छ । खुला आकासमा गरिने सिमित तरकारी खेती हाल व्यावसायिक रुपमा संरक्षित संरचनामा आधारित तरकारी लगाएत अन्य बालीहरुको प्रबर्दन भईरहेको छ । विकशित मुलुकहरु डिजिटल कृषि, अटोमेशन, ड्रोन, रोबटिक तथा AI को प्रयोग भईरहेको अवस्थामा यस क्षेत्रमा नविनतम प्रविधिको प्रवर्द्धनमा राज्यले आवश्यक लगानी गर्नु अपरिहार्य देखिन्छ ।

**आ.व. २०८१/०८२ मा संघले गरेका मुख्य कार्यहरु निम्नानुसार रहेका छन् ।**

**क. नीतिगत कार्यहरु :**

**१. कृषि यान्त्रीकरण प्रवर्द्धन नीतिÑ२०७१ प्रथम संशोधन**

कृषि यान्त्रीकरण प्रवर्द्धन नीतिÑ२०७१ प्रथम संशोधनको **प्राविधिक समितिको सदस्यको** रुपमा नेपाल कृषि मेशिनरी व्यवसायी संघ रहेको हुनाले यस संशोधनका लागि विभिन्न **वैठकहरुमा सहभागिता जनाई संघले प्राप्त कार्यभार निर्वाह गरिएको छ ।** हाल उक्त संशोधन अन्तिम चरणमा रहेको छ भने छिट्टै उक्त कार्य सम्पन्न हुनेमा संघ आशावादी छ ।

**२. आ.व २०८२/८३ को वजेट तर्जुमाको लागि सुझाव**

आ.व २०८२/८३ को वजेटको लागि कार्यसमिति सदस्यज्यूहरु र साधारण सदस्यज्यूहरु संग सुझाव संकलन गरि पेश गरिएको छ। सुझाव पेश गरिएको निकायहरु:

- **कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
- **नेपाल उद्योग वाणिज्य महासंघ**

**३. ज्ञापन पत्र**

**कृषि यान्त्रीकरण प्रवर्द्धनको लागी** कार्यसमिति बैठकबाट पास गरिएको ज्ञापन पत्र आवश्यक्ता अनुसार केहि परिमार्जन सहित विभिन्न सरकारी निकायहरुमा पेश गरिएको छ। ज्ञापन पत्र पेश गरिएको निकायहरु :

- **तत्कालिन माननीय मन्त्री (रामनाथ अधिकारी) ज्यू, कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
- श्रीमान सचिव ज्यू, कृषि तथा पशुपन्छी विकास मन्त्रालय (कृषि तर्फ)
- श्रीमान सचिव ज्यू, कृषि तथा पशुपन्छी विकास मन्त्रालय (पशुपन्छी विकास तर्फ)
- श्रीमान महानिर्देशक (श्री प्रकाश सञ्जेल) ज्यू, कृषि विभाग, हरिहरभवन, ललितपुर

**ख.कृषि मेशिनरीहरुको तालिम :**

१. **USAID संगको तालिम कार्यक्रम**

**Feed the Future USAID Agricultural Inputs संगको सहकार्यका लागि यस संघको उपाध्यक्ष श्री सुनिता न्हेम्हाफुकी ज्यूलाई Focal Person नियुक्त गरिएको थियो । उहाँकै संयोजकत्वमा Capacity Strengthening Training for Local Machinery Repair Technicians (LMRT) to Repair Irrigation and Agricultural Machinery कार्यक्रमको लागि संघले कार्यक्रम निर्माण गरि आवेदन पेश गरेर कार्यक्रममा सहकार्यता हाँसिल गरि निकै सफलतापूर्वक उक्त तालिम कार्यक्रम सम्पन्न गरिएको थियो ।** उक्त कायर्कमको **Team Leader को रुपमा** यस संघका **सल्लाहकार ई. श्री मधुसुदन सिंह बस्न्यात** रहनुभएको थियो । तालिम संचालन पुर्व चितवन, नेपालगांज र धनगढीमा सरोकारवाला निकाय संग अन्तरक्रिया कार्यक्रम संचालन गरिएको थियो । **१० दिने** कषि तथा सिंचाईमा प्रयोग हुने मेशिनरीहरु मुख्यत: मिनि टिलर, पावर टिलर र पानी तान्ने पम्पको तालिम **चितवन, नेपालगंज र झलारीमा** सम्पन्न भएको थियो । चितवनको कार्यक्रममा कृषि विकास निर्देशनालयका निर्देशक श्री सुदिर श्रेष्ठ ज्यू, नेपालगंजको कार्यक्रममा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेशको श्रीमान सचिव श्री नम्रता सिंह ज्यू र झलारीको कार्यक्रममा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदूरपश्चिम प्रदेश सरकारको श्रीमान सचिव श्री यज्ञ राज जोशीज्यू लगायत विभिन्न विशिष्ट व्यक्तित्वहरुको अतिथ्यतामा सम्पन्न भएको थियो ।  सरोकारवाला निकायहरु संग अन्तरक्रिया कार्यक्रम र तालिममा कार्यसमिति सदस्यज्यूहरु साथै स्थानिय नामियाका सदस्यज्यूहरुको उल्लेखनिय सहभागिता रहेको थियो । उक्त कार्यक्रमको रिपोर्ट तयार गरि **FEED THE FUTURE USAID AGRICULTURAL INPUTS** लाई बुझाईएको छ । **तालिमबाट ७७ जना प्रशिक्षार्थीहरुलाई निःशुल्क आवासीय सुविधा सहित तालिम प्रदान गरिएको थियो ।**

**ग. अध्ययन र अनुसन्धान (राष्ट्रिय कृषि ईन्जिनियरिङ्ग अनुसन्धान केन्द्र संगको सहकार्य)**

**१. Existing protected agricultural structure on different agro ecological zones of Nepal** हरुको स्थलगत अवलोकन तथा अध्ययन र अनुसन्धान सम्बन्धमा

राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठान (**नार्क**) अन्तर्गतको राष्ट्रिय कृषि ईन्जिनियरिङ्ग अनुसन्धान केन्द्र द्वारा Existing protected agricultural structure on different agro ecological zones of Nepal हरुको स्थलगत अवलोकन तथा **अध्ययन र अनुसन्धान गरि वातावरण सुहाउँदो डिजाईन** र उपयोग सम्बन्धि सुझाव पेश गर्नका लागि आ.व. २०८१/८२ संचालित अनुसन्धान कार्यक्रम अन्तर्गतका विभिन्न कृयाकलापहरुमा सहभागिताका लागि नेपाल कृषि मेशिनरी व्यवसायी संघको तर्फबाट **महासचिव श्री अर्जुन प्रसाद लुईटेल ज्यूले प्रतिनिधित्व** गर्नुभएको थियो । महासचिवज्यूले विभिन्न वैठकहरुमा सहभागिता जनाई एक दिने कार्यशालामा **Experiences of Design Promoted By Nepalese Suppliers** विषयमा कार्यपत्र प्रस्ततिकरण समेत गर्नुभएको छ । उक्त सहकार्य हाल सम्म रहँदै आएको छ ।

२. ANTAM को ११ औं बार्षिक बैठक सम्बन्धमा ।

**Asian and Pacific Network for Testing of Agricultural Machinery (ANTAM)** को ११ औं बार्षिक बैठकमा **Mini Exhibition आयोजना गरि अन्तरास्ट्रिय आगन्तुक पाहुनालाई Welcome Dinner कार्यक्रम आयोजना** गरिएको थियो । उक्त बैठक विशेषत **कृषि मेशिनरीहरुको हार्मोनिक टेष्ट कोड** तयार पार्ने सम्बन्धी थियो । त्यसका साथै, **ANTAM र ReCAMA का प्रतिनिधी संग बैठक** गरि अध्यक्ष ज्यूद्वारा संघको जानकारी साथै उपलब्धि र भावी कार्ययोजनाहरुको प्रस्तुतिकरण दिनुभएको थियो ।

३. पूर्वाअञ्चल क्याम्पस धरान

इन्जिनियरिङ्ग अध्ययन संस्थान पूर्वाअञ्चल क्याम्पस धरानबाट **Field/Industrial Training** को लागि आउनुभएका **४ जना कृषि इन्जिनियरिङ्गको विद्यार्थीलाई इर्न्टनसिपको** लागि SKT, G-7, BTL, Shalom Agriculture, R and D Innovative Solution मा **संघबाट इर्न्टनसिपको** व्यवस्था मिलाईएको थियो ।

## घ. **विभिन्न प्रदर्शनीहरुमा सहकार्य तथा सहयोग प्रदान**

- **कृषि प्रदर्शनी तथा कृषक मेला २०८१, रामपुर चितवन** Ñ नामिया सदस्यहरुलाई प्रदर्शनीमा (१० देखि १५ %) छुटको व्यवस्था गरिएको । (मिति : २०८१ मंसिर २९- पुष ३ )
- **कृषि एक्स्पो , गढिमाई २०८१,** मा प्रवर्द्धकको रुपमा रहेर मेला सम्पन्नको लागि आवश्यक सहयोग गरिएको । (मिति : २०८१ मंसिर १८-२४)
- **तेस्रो डेरी, कृषि उत्पादन तथा कृषि औजार प्रदर्शनी २०८१, हरिवन नगरपालिका** Ñ प्रवर्द्धकको रुपमा सहकार्य , नामिया सदस्यहरुलाई स्टल सुल्क छुट, खाना तथा आवासको व्यवस्था । (मिति : २०८१ फाल्गुन १६-२०)
- **मध्यविन्दु कृषि प्रविधि प्रदर्शनी तथा रैथाने खाना महोत्सवÑ२०८१, मध्यविन्दु नगरपालिका**, नवलपरासी ( पूर्व)Ñ सहयोगी संस्थाको रुपमा सहकार्य, नामिया सदस्यहरुलाई निशुल्क स्टलको व्यवस्था । ( मिति : २०८१ फाल्गुन २२-२४)

## ङ. अन्तर्राष्ट्रिय संघ संस्थाहरुको कार्यक्रमहरुमा सहभागिता

**१. The 9th ReCAMA training and study tour and 10th Member Meeting**

ReCAMA (Regional Council of Agricultural Machinery Associations in Asia and the Pacific) द्वारा आयोजना तथा निमन्त्रणा गरिएको **October 21- October 28, 2024** सम्म चाईनाको गन्जाव र चाङ्गसा प्रदेशमा सम्पन्न भएको The 9th ReCAMA training and study tour and 10th Member Meeting मा सहभागिताका सुचना प्रकाशन गरि

सहभागि हुन जाने नेपाल कृषि मेशिनरी व्यवसायी संघका सदस्य ज्यूहरुका लागि सहभागिताका लागि आवश्यक सहजिकरण गएिको थियो । नेपाल कृषि मेशिनरी व्यवसायी संघको तर्फवाट संघका **महासचिव श्री अर्जुन प्रसाद लुईटेल सहित को ८ जना प्रतिनिधि मण्डल**, सल्लाहकार ई. श्री मधुसुदन सिंह बस्न्यात, कार्यसमिति सदस्य श्री सक्कल थापा, सदस्यहरु श्री उज्जवल थापा, दिनेश पाण्डे, चुडामणी जोशी, सिजन धिमिरे, रवि पौडेलको कार्यक्रममा सहभागिता रहेको थियो । महासचिव ज्यू द्वारा Status of Harvesting and Post-Harvest Mechanization in Nepal विषयमा कार्यपत्र प्रस्तुतिकरण गर्नुभएको थियो ।

## २. CIAME 2024 Changsa, China

**China Agricultural Machinery Distribution Association(CAMDA) ले** October 26 –October 28, 2024 सम्म चाईनाको चाङ्गसामा आयोजना गरेको **CIAME 2024 Changsa,** मा आयोजकको निमन्त्रणामा सहभागिताका सुचना प्रकाशन गरि सहभागि हुन जाने नेपाल कृषि मेशिनरी व्यवसायी संघका सदस्य ज्यूहरुका लागि सहभागिताका लागि आवश्यक सहजिकरण गरिएको थियो । उक्त कृषि मेसीनरी प्रर्दशनीमा नामियाको तर्फबाट **अध्यक्ष ज्यू, सहितको ८ जना प्रतिनिधि मण्डल**, कार्यसमिति सदस्य श्री रोशन ढकाल ज्यू, सकुन्तला कुमारी सुवेदी सहित संघका सदस्यहरु याम शर्मा, श्री देव राज आचार्य, दुर्गा दाहाल ज्यूहरु सहभागिता जनाउनुभएको थियो । साथै 9th ReCAMA training and study tour and 10th Member Meeting मा सहभागी सदस्य ज्यूहरुको पनि उक्त **प्रदर्शनीमा सहभागिता रहेको थियो ।**

### ३. Workshop on ANTAM Codes and Procedures – Consultation with Private Sector

**The Centre for Sustainable Agricultural Mechanization (CSAM) of the United Nations Economic and Social Commission for Asia and the Pacific** (UNESCAP) को संयुक्त आयोजनामा 12-14 March **2025** सम्ममा भियतनामको Ho Chi Minh शहरमा भएको "Workshop on ANTAM Codes and Procedures – Consultation with Private Sector" कार्यक्रममा नेपाल कृषि मेशिनरी व्यवसायी संघको प्रतिनिधित्व गदै संघका **अध्यक्ष श्री कृष्ण शर्मा ज्यू सहितको ५ जना प्रतिनिधि मण्डल**, कोषाध्यक्ष श्री श्री कृष्ण अधिकारी ज्यू, कार्यसमिति सदस्य श्री रोशन प्रसाद ढकाल ज्यू, सदस्य श्री सुब्बा श्रेष्ठ ज्यू, साथै सल्लाहाकार ई.श्री मधुसुधन सिंह बस्नायत ज्यू, सहभागी हुनुभएको थियो ।

## ४. India Agri Expo 2024

नेपाल उद्योग वाणिज्य महासंघबाट प्राप्त जानकारीको आधारमा सहभागिताका लागि आयोजकबाट प्राप्त निमन्त्रणामा सुचना प्रकाशन गरि प्रदर्शनीमा सहभागि हुन जाने नेपाल कृषि मेशिनरी व्यवसायी संघका सदस्य ज्यूहरुका लागि सहभागिताका लागि आवश्यक सहजिकरण गएिको थियो । **अध्यक्ष श्री कृष्ण शर्मा ज्यू सहितको ९ जना प्रतिनिधि मण्डल**, उपाध्यक्ष ज्यू, कोषाअध्यक्ष ज्यू, सदस्य ज्यूहरु, रोशन प्रसाद ढकाल, सकुन्तला सुवेदी, पुस्कल गिरी, सल्लाहाकार ई.मधुसुदन सिंह बस्न्यात, सदस्य दुर्गा प्रसाद दाहाल र देवराज आचार्य उक्त प्रदर्शनीमा नामियाको तर्फबाट सहभागि हुनुभएको थियो । साथै उक्त प्रदर्शनीमा छैठौँ राष्ट्रिय कृषि यान्त्रिकरण प्रदर्शनीको प्रचार प्रसार गर्नुका साथै सल्लाहाकार ई.मधुसुदन सिंह बस्न्यात द्वारा छैंठौ राष्ट्रिय कृषि यान्त्रिकरण प्रदर्शनीबारे प्रस्तुतिकरण समेत गर्नुभएको थियो ।

## ५. CIAME Asia 2025 Thailand Expo

CAMDA द्वारा संचालन गरिएको CIAME Asia 2025, Impact venue of Bangkok, Thailand, July 23 to 25, 2025. मा सहभागिका लागि आयोजक बाट प्राप्त निमन्त्रणामा सुचना प्रकाशन गरि प्रदर्शनीमा सहभागि हुन जाने नेपाल कृषि मेशिनरी व्यवसायी संघका सदस्य ज्यूहरुका लागि सहभागिताका लागि आवश्यक सहजिकरण गएिको । **अध्यक्षज्यूको नेतृत्वमा ३० सदस्यीय नामिया टोलिले प्रदर्शनीमा सहभागि** भएको थियो ।

## च. संघका अन्य गतिविधिहरु

### १. नवौं वार्षिक साधारण सभा सम्पन्न

नेपाल कृषि मेशिनरी व्यवसायी सघंको नवौं वार्षिक साधारण सभा ललितपुरको कुपण्डोल स्थित होटल हिमालयमा २०८१/१२/९ गते **तत्कालिन माननीय कृषि तथा पशुपन्छि विकास मन्त्री श्री रामनाथ अधिकारी ज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो** । सभाको अध्यक्षता संघका अध्यक्ष श्री कृष्ण शर्मा ज्यूले गर्नु भएको थियो भने विशेष अतिथिका रुपमा नेपाल उद्योग वाणिज्य संघका अध्यक्ष श्री चन्द्र ढकाल, वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठ, कृषि तथा पशुपन्छि मन्त्रालयबाट कृषि सचिव श्री गोविन्द प्रसाद शर्मा को उपस्थिति रहेको थियो । थुप्रै सरकारी तथा गैरसरकारी निकायका प्रतिनिति, संघका सदस्यहरुको बाक्लो उपस्थितिमा सम्पन्न भएको साधारण सभाको कार्यक्रम संचालन महासचिव श्री अर्जुन प्रसाद लुईटेलज्यूले गर्नुभएको थियो । अध्यक्षज्यू द्वारा वार्षिक कार्य प्रतिवेदन एवं कोषाअध्यक्ष श्री श्री कृष्ण अधिकारी ज्यूले संघको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने उपाध्यक्ष श्री सुनिता न्हेम्हाफुकी ज्यूले सम्पूर्ण अतिथिज्यूहरुलाई धन्यवाद ज्ञापन सहित कार्यक्रममा सम्बोधन गर्नुभएको थियो । साथै साधारण सभामा देशैभरीबाट उत्कृष्ट कृषक २ जना , उत्कृष्ट कृषि पत्रकार २ जना र संघका सदस्यहरु मध्येबाट सबैभन्दा वढी आयकार बुझाउने उत्कृष्ट करदाता र प्रायोजन गनुहुने सबै कम्पनीलाई सम्मान गरिएको थियो । कार्यक्रमको विस्तृत विवरण सहितको प्रतिवेदन तयार गरिएको छ । नवौं वार्षिक साधारण सभामा संस्थाको विधान संशोधनका निम्ति निकै उत्कृष्ट कार्य सम्पन्न भएको छ । महासचिवज्यूको संयोजकत्वमा रहेको कोषाध्यक्ष श्री श्रीकृष्ण अधिकारी ज्यू, कार्यसमिति सदस्यहरु शिवराज अधिकारी, गौतम महर्जन र सकुन्तला कुमारी सुवेदी सहितको पाँच सदस्यीय विधान संसोधन तथा नवौं साधारण सभा तयारी समितिले निकै मेहेनत गरि संस्थाको विधान संशोधनका लागि सम्पुर्ण तयारी गरि साधारण सभाबाट पास भई जिल्ला प्रशासन कार्यालयबाट स्वीकृत समेत भईसकेको छ ।

### २. नेपाल कृषि मेशिनरी व्यवसायी संघको वार्षिक क्यालेन्डर-२०८२

नेपाल कृषि मेशिनरी व्यवसायी संघको वार्षीक क्यालेन्डर तयार गरिएको थियो । **१००० थान क्यालेन्डर** तयार गरि नवौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण अतिथि तथा नेपाल कृषि मेशिनरी व्यवसायी संघका सदस्यज्यूहरुलाई वितरण गरिएको थियो साथै संघका अन्य सदस्यज्यूहरु, कृषि तथा पशुपन्छी विकाश मन्त्रालयका संघ र प्रदेशका कार्यालयहरु, र कृषि क्षेत्रमा काम गर्ने गैर नाफामुलक र गैर सरकारी संस्थाहरुमा प्रदान गरिएको छ ।

### ३. बधाई ज्ञापन

संस्थागत सम्बन्ध विस्तार गर्न तथा उच्च पदस्थका नेपाल सरकारको संघ तथा प्रदेशका सरकारी नियुक्तिहरुमा संघको तर्फबाट ज्ञापन पत्र सहित बधाई दिने कार्य सम्पन्न गरियो । बधाई ज्ञापन गरिएको विवरण निम्नानुसार छन् ।

- श्री प्रकाश सञ्जेल ज्यू, नव नियुक्त महानिर्देशक, कृषि विभाग
- श्री राजेश भक्त श्रेष्ठ, नवनिर्वाचित अध्यक्ष , फ्लोरिकल्चर एशोशियसन नेपाल
- श्री सुरेश गुरुङ्ग, नव निर्वाचित अध्यक्ष , नेपाल बिउ व्यवसायी संघ
- डा.ई. श्री जित वहादुर चन्द, नव निर्वाचित अध्यक्ष ,नेपाल कृषि इन्जिनियर्स सोसाईटी
- श्री हिक्मत कुमार श्रेष्ठ, नव नियुक्त परियोजना निर्देशक, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना

### ४. सरोकारवाला निकायहरुको कार्यक्रमहरुमा संघको सहभागिता तथा कार्यपत्र प्रस्तुतिकरण

आ.व. २०८१-०८२ भरि नै विभिन्न सरकारी तथा गैह्र सरकारी निकायहरुबाट नेपाल कृषि मेशिनरी व्यवसायी संघमा विभिन्न कार्यक्रमहरुमा आपसी सिकाइ अनुभव आदान प्रदान सहित विविध कार्यक्रममा सहभागिताको लागि

निमन्त्रणाहरु प्राप्त भएकोमा संघको तर्फबाट कार्यक्रमहरुमा सहभागिता जनाउनुका साथै निम्न उल्लेखित कार्यक्रमहरुमा कार्यपत्र प्रस्तुतिकरण गरिएको थियो ।

- **Mango Symposium**

Mango Symposium मा कुनै आर्थिक साझेदारी विना सहयोगी संस्थाको रुपमा सहभागिता जनाउनुका साथै अध्यक्षज्यू द्वारा **Mechanization in Mango शिर्षकमा कार्यपत्र प्रस्तुतिकरण** गर्नुभएको थियो ।

- **2nd Potato Summit 2025**

अध्यक्षज्यू द्वारा **Driving Productivity through Mechanization: Opportunities for Mechanization in Potato Farming शिर्षकमा कार्यपत्र प्रस्तुतिकरण** गर्नुभएको थियो ।

## ५. आ.व. २०८२/०८३ का लागि कार्यक्रमहरुको प्रस्तावना पेश (सरकारी निकाय)

**प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना, सम्पूर्ण प्रदेशका कृषि मन्त्रालय र कृषि निर्देशनालयहरुमा आ.व. २०८२/०८३ का लागि कार्यक्रमहरुमा सहकार्यका लागि वजेट विनियोजन गर्नका लागि प्रस्तावना पेश गरिएको छ ।**

- **छैठौं राष्ट्रिय कृषि यान्त्रिकरण प्रदर्शनी २०८२**
- **कृषि मेशिनरी औजारहरुको मर्मत तथा संचालन तालिम**
- **दिगो कृषि यान्त्रिकरण विषयमा कार्यशाला**

### ६. कार्यक्रमहरुको लागि प्रस्तावना पेश - FAO

- Proposal for conducting repair and maintenance training of mini tiller
- Concept note of “Agricultural Mechanization Sector Skill Testing Curriculum Development- Mini Tiller”
- Concept note of “Case Study on Agricultural Mechanization – Assessment of Combine Mill Use in Nepal”
- Concept note of “Training on Protected Structure for Government Officials”

माथि उल्लेख गरिएका चार वटा विषयहरुको कन्सेप्ट नोट तथा प्रपोजल तयार गरि सहकार्यका लागि प्रस्तावना पेश गरिएको छ ।

## ७. स्थगित कार्यक्रम

- **छैठौं राष्ट्रिय कृषि यान्त्रिकरण प्रर्दशनी २०८१**
  छैठौ राष्ट्रिय कृषि यान्त्रिकरण प्रर्दशनी २०८१ को बारेमा सम्पूर्ण लक्षीत वर्गलाई विभिन्न माध्यमबाट जानकारी गराईएको थियो । कृषि सम्बन्धि कार्यमा जोडिएका सरकारी, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुलाई प्रर्दशनी बारे जानकारी गराउनुका साथै अवलोकनको लागि पनि आवहान गरिएको थियो । प्रर्दशनी हुने भनिएको लुम्बिनी प्रदेशका सम्पूर्ण स्थानिय तहलाई प्रर्दशनी बारे जानकारी गराई संस्था, तथा स्थानिय प्राविधिक हरुलाई भ्रमणको लागि पनि आग्रह गरिएको थियो । बैंक तथा वित्तिय सस्थांहरुलाई आवश्यक पत्राचार गरी आर्थिक समन्यवको लागि प्रस्ताव गरिएको थियो । प्रर्दशनीको लागि स्टल बुकिग खुला समेत गरिएको थियो भने सम्पूर्ण सदस्य ज्यूहरुलाई स्टल बुकिगबारे जानकारी समेत गराईएको थियो । **संयुक्त राज्य अमेरिकाद्वारा USAID का**

**सम्पूर्ण कार्यक्रम रद्ध गरिए पश्चात** प्रदर्शनीको मुख्य साझेदार तथा आयोजक कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्रबाट प्राप्त हुने भनिएको रकम USAID बाट प्रप्त हुने रहेकाले प्रतिवद्ध आर्थिक सहयोग उपलब्ध गराउन नसकिने जानकारी प्राप्त भए पछि कार्यकम आ.ब. २०८१/०८२ को लागि स्थगन गरिएको थियो । कार्यसमिति सदस्य श्री हरि खरेल ज्यूको संयोजकत्वमा रहेको छैटौं राष्ट्रिय कृषि यान्त्रिकरण प्रदर्शनी उपसमितिले निकै तयारीहरु गरिसकेको थियो । विशेषत श्री हरि खरेल ज्यूले लुम्बिनी प्रदेशका सरोकारवाला निकायहरुमा प्रदर्शनीमा सहकार्य तथा नेपाल कृषि मेशिनरी व्यवसायी संघका सदस्यहरु लगायत अन्य संघ संस्थाहरु समेत लाई प्रदर्शनीमा सहभागिताका लागि निकै मेहनत गरि अधिकांश तयारीहरु गरि सक्नु भएको थियो ।

- **कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र संगको सहकार्यमा संचालन हुने कृषि मेशिनरी मर्मत संभार तालिम**

  कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र संगको सहकार्यमा अधिल्लो आ.ब. निकै सफलतापूर्वक १४ दिने आवासिय कृषि मेशिनरी मर्मत संभार तालिम पुनहः यस आर्थिक वर्ष पनि संचालनका लागि तयारी गरिएको थियो । उक्त कार्यका लागि प्रस्तावना पेश गर्ने लगायत सम्पूर्या तयारी गरिएको थियो तर **संयुक्त राज्य अमेरिकाद्वारा USAID का सम्पूर्ण कार्यक्रम रद्ध गरिए पश्चात** कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्रबाट प्राप्त हुने भनिएको तालिमको लागि रकम USAID बाट प्रप्त हुने रहेकाले प्रतिवद्ध आर्थिक सहयोग उपलब्ध गराउन नसकिने जानकारी प्राप्त भए पछि कार्यकम आ.ब. २०८१/०८२ को लागि स्थगन गरिएको थियो ।

**<u>२०८२/८३ को लागि कार्ययोजना</u>**

१. कृषि यान्त्रीकरण प्रर्वद्धन निति २०७१ प्रथम संसोधन सम्बन्धमा नियमवद्ध छलफल गरि अगाडि बढाई सम्बन्धित सरोकारवाला निकायहरुलाई कार्यान्यन गर्न आवश्यक पहल कदमी गर्ने ।
२. आर्थिक बजेट २०८३/०८४ को लागि लिखित राय पेश गर्ने ।
३. यस संघका सम्पूर्ण साधरण सदस्यको व्यवसायिक क्षमता अभिबृदी लागि आवश्यक सहयोग र सहकार्य गर्ने ।
४. सम्पूर्ण साधारण सदस्यको नविकरण तथा नयाँ सदस्यको संख्या वृद्धिको अभियान सञ्चालन गर्ने ।
५. कृषि यान्त्रीकरण उकृष्टता केन्द्र ( Center of Excellency for Agricultural Mechanization ) स्थापनाको लागि रणनैतिक तथा अनुमानित लागतको लागि बजेट विनियोजन गर्न सम्बन्धित निकायमा पहल गर्ने ।
६. यस संस्थाका सम्पूर्ण साधारण सदस्यहरुलाई अधिकतम खुद्रा मुल्य प्रकाशित गर्न प्रेरित गर्ने ।
७. स्वदेशी कृषि औजार प्रविधि उद्योगको संरक्षण तथा दिगो सञ्चालनको लागि नियमित सुधारको लागि आवश्यक पहल गर्ने ।
८. गुणस्तरीय कृषि प्रविधि प्रयोगमा ल्याउन नवलपुरमा अवस्थित कृषि यन्त्र परिक्षण तथा अनुसन्धान केन्द्र लाई सिघ्र सञ्चालन गर्न सम्बन्धित निकायसगं पहल गर्ने ।
९. विक्री पछिको सुविधा सुनिश्चिताको लागि कृषि मेशिनरी मर्मत संभार गर्ने दक्ष जनशक्ति उत्पादनका लागि तालिम कार्यकमको आयोजना गर्ने ।
१०. प्रदेश सरकार सँगको समन्वयमा प्रादेशिक स्तरिय कार्यक्रमहरु संञ्चालन गर्ने ।
११. विभिन्न निकायमा पेश गरिएका ज्ञापन पत्रहरुलाई कार्यान्यन गर्न पहल गर्ने ।
१२. कृषि यन्त्र प्रविधिहरुको आयातका कममा आउने भन्सार, HS Code लगायतका समस्याहरुलाई नीतिगत तहबाट हल गर्न पहल गर्ने ।

**<u>समस्या र चुनौती ।</u>**

१. कृषि यान्त्रीकरणलाई बजेटमा उपेक्षा
२. कृषि यन्त्र औजार र प्रविधिको सरल र विना परिक्षण आयात
३. कृषि प्रविधिमा जोडिएका वस्तुहरुमा उच्च भन्सार दर
४ स्वदेशी कृषि प्रबिधि उद्योगले प्रयोग गर्ने कच्चा पदार्थको उच्च भन्सार दर

५. गुणस्तर र प्राविधिक ज्ञान सिपको उपेक्षा
६. सरकारी निकायद्वारा समयमा खरिद प्रकृया अगाडी नबढाइनु
७. अनुदानको सामग्री खरिदमा सार्वजनीक खरिद ऐन
८. जटिल भौगोलिक विकटता
९. भू उपयोग निती
१०. सिंचाइको अभाव
११. दक्ष जनशक्तिको अभाव
१२. युवाको वैदेशिक पलायन र बढ्दो बसाइ सराइ
१३. वित्तिय असहजता
१४, अनुदानको असमान वितरण प्रणाली
१५ गुणस्तर हिन सामाग्री आयात तथा वितरण
१६, कम्बाइन हार्भेस्टरको आयातमा स्ट्र बेलारको अनिवार्य
१७, उत्पादित कृषि उपजको राज्यद्वारा न्युनतम लागतको ग्यारेन्टी

**<u>समस्याको समाधान तर्फ कृषि मेशिनरी व्यवसायी संघको धारणा</u>**

१. कृषि यान्त्रीकीकरणको प्रवर्द्धनको लागी नेपाल सरकार अन्तरगत छुट्टै केन्द्रको स्थापना गर्नु पर्ने
२. कृषि ऐन र कृषि यान्त्रीकरण प्रवर्द्धन नितीको २०७१ प्रथम संसोधनलाई टुङ्ग्याउनु पर्ने
३. स्वदेशी कृषि प्रविधि उद्योगलाई प्रोत्साहन नीति ल्याउनु पर्ने
४. अनुदानको पारदर्शी वितरण र उत्पादनमा आधारीत अनुदानको व्यवस्था
५. बैङ्क तथा वितिय संस्थालाई कृषि यान्त्रीकरणमा सहज कर्जा र ब्याज अनुदान सुनिश्चितताको पहल
६. विषम परिस्थितीवस कार्य गर्न नसकेका यान्त्रीकरण व्यवसायीलाई कर तथा ऋणमा सहुलियत
७. प्राङ्गारीक मललाई रासायनिक मल सरह वितरण अनुदानमा सहजिकरण
८. गुणस्तरमा स्पष्ट मापदण्ड
९. अनुदानमा कार्यक्रममा सहभागिताको लागि कृषि यान्त्रीकरण <u>व्यवसायीको</u> स्पष्ट मापदण्ड हुनुपर्ने
१०. कृषि यान्त्रीकरण उकृष्टता केन्द्र ( Center of Excellency for Agricultural Mechanization ) स्थापना
११. कृषि यन्त्र परिक्षण केन्द्रलाई पूर्ण संचालनमा ल्याउनु पर्ने
१२. व्यवस्थित कष्टम हायरिङ्ग सेन्टरको स्थापना
१३ कृषि यान्त्रीकरण तालिम र रोजगारी
१४. कृषि यान्त्रीकरण सम्बन्धी अध्ययन, अनुसन्धान र नवप्रवर्द्धनका लागि अनुसन्धान संस्था र विश्व विधालयमा विशेष लगानी र प्राथमिकता दिइनुपर्ने ।
१५, उत्पादित कृषि उपजको राज्यद्वारा न्युनतम लागतको ग्यारेन्टी
१६, कम्बाइन हार्भेस्टरको आयातमा स्ट्र बेलारको अनिवार्यता हट्नु पर्ने (स्ट्र म्यानेजमेन्ट सिस्टम नयाँ कम्बाइनमा जडित हुने भयकोलसो लाई मान्यता दिनु पर्ने)

भविष्य र संभावना
इरान, इजराइल र अमेरिकाको युद्दले गर्दा अप्रत्यासित प्लास्टिक जन्य कच्चा पदार्थ र इन्धनको मूल्य वृद्धीले ढुवानीको समेत चर्को मूल्य बृदी हुनेछ । यसलाई संघले नयाँ सरकारको सरोकार निकायमा आवस्यक पहल गरिनेछ । विश्व राजनीति अस्थिर छ, जुनसुकै बेला थप युद्द र आर्थिक संकट निम्तिन सक्ने सम्भावना बढेर गएको छ । विदेशियका लाखौं युवा स्वदेश फर्किएमा रेमिट्यान्स र आयातमा टिकेको अर्थतन्त्रमा फर्किने युवालाई सबै भन्दा समेट्न सक्ने क्षेत्र भनेको कृषि मात्र हो । अब हामीले त्यो आधार बनाउन ढिला गर्न कदापी छुट छैन।

वैदेशिक रोजगारीवाट फर्केका हजारौं युवा कृषिमा लागेका र सफल भएका उदाहरण प्रशस्त छन । युवा पुस्ताले कृषिमा विविधिकरण गरि नेपालको भौगोलक वनावट, हावापानीमा भएको विविधता, प्राकृतिक श्रोत साधन हेर्दा कृषि अत्यन्त ठूलो सम्भावना भएको क्षेत्र हो । उत्पादित कृषि उपजको राज्य द्वारा न्युनतम लागतको ग्यारेन्टी हुने संघिय सरकारले कृषि मैत्री निति बनाउने, प्रदेश र स्थानीय सरकारले आफनो ठाँउ अनुसारको निति बनाउदै कार्यान्यन गरियो भने लाखौ मानिसलाई कृषि मै रोजगारी सृजना गर्न सकिन्छ र देशलाई कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाउन सकिन्छ । विद्यमान देखिएका र भएका समस्या एवं निराशाको विचमा कृषि मेशिनरी र प्रविधि प्रर्वद्धनमा आवद्ध कृषि यान्त्रिकरण व्यवसायी र कृषि उद्यमीहरुलाई समेटेर नेपालको कृषि क्षेत्रमा आधुनिकिकरण, व्यवसायीकरण र यान्त्रिकरण गर्ने अभियानमा हामी प्रतिबद्ध भएर अगाडि बढदै छौ । गत भाद्र २३ र २४ गतेको जेन-जी बिद्रोह पश्चात सम्पन्न शान्तिपूर्ण निर्वाचन मार्फत भर्खर बनेको करिब दुई तिहाइको शक्तिशाली बालेन्द्र शाहको नेतृत्वको सरकारले नीतिगत परिवर्तन गरि साझा ढोका खोल्नेमा हामी बिस्वस्त छौ र कृषिलाई आधुनिकिरण र व्यवसायीकरण गर्न यान्त्रिकरणको प्रबर्दनको लागि सहकार्य गर्न हामि तयार छौ । प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमा बनेको नयाँ सरकारलाई पूर्ण सफलताको शुभकामना ।

हाम्रो अभियानमा साथ दिनुहुने सरकारी, गैरसरकारी निकायहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु, दातृ निकाय, सहयोगी र शुभेच्छुक प्रति हार्दिक आभार प्रकट गर्दछु । संस्थालाई आर्थिक संकटको घडीमा ठुलो छाती गरि आर्थिक सहयोग गर्नु हुने, संघको सम्पूर्ण कार्यक्रममा अहोरात्र खटिने सम्पूर्ण कार्यसमिति ज्यू हरुलाई हृदय देखि धन्यबाद । अन्त्यमा यस समारोहमा आफ्नो अमुल्य समय दिएर उपस्थित भई सहयोग, सदभाव, सहकार्य गर्नु भएकोमा प्रमुख अतिथि ज्यू, विशिष्ठ अथिति ज्यु, अतिथि ज्यूहरु, सल्लाहाकार ज्यूहरु, कार्यसमितिका पदाधिकारी र सम्पूर्ण सदस्य साथीहरु, संघका ब्यबस्थापक ई अमृत बोहरा, कर्मचारी तथा पत्रकार साथीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

कृष्ण शर्मा
अध्यक्ष
नेपाल कृषि मेशिनरी व्यवसायी संघ